आज मिति २०८१ साल मंसिर २६ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

सहायक कर्मचारीहरुः

श्री प्रमोद भट्टराई

श्री रवि कटुवाल

**प्रस्तावित विषयहरुः**

१. समीक्षा सम्बन्धमा
२. राष्ट्रपति रनिङ्ग शिल्ड सम्बन्धमा।
३. सडक बोर्डसँग रकम साझेदारी सम्बन्धमा।
४. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
५. घ वर्गको इजाजत पत्र सम्बन्धमा।
६. विविध समसामयिक विषयका सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. १, प्रस्ताव नं १, उपर निर्णय**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २, प्रस्ताव नं.२ उपर निर्णय**

राष्ट्रपनि रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनको सम्बन्धमा आवश्यक छलफल गर्दा देहाय वमोजिम गर्ने सर्वसम्मत निर्णय गरियो।

१. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन मिति २०८१/०९/०५, ०६ र ०७ गते श्री ग्रामोदय युगकवि सिद्धिचरण माध्यमिक विद्यालय, लिखु-६, को खेल मैदानमा गर्ने तथा सोको लागि जिल्ला खेलकुद विकास समितिलाई पत्रचार गर्ने,
२. लिखु गाउँपालिकामा राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना, सञ्चालन तथा व्यवस्थापन गर्न राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० को पाँचौ संशोधनको दफा ३ बमोजिम राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन गर्ने,

| | |
|---|---|
| क) अशोक कुमार कार्की | संयोजक |
| ख) टिका बहादुर क्याप्छाकी | सदस्य |
| ग) रचना मैनाली | सदस्य |
| घ) उपेन्द्र राय यादव | सदस्य |
| ङ) अनिट बहादुर गुरुङ | सदस्य |
| च) पवित्रा थापा | सदस्य |
| छ) महेश्वरी बस्नेत | सदस्य |
| ज) दिपक तामाङ | सदस्य |
| झ) हरिकृष्ण दाहाल | सदस्य |

ञ) प्रविन श्रेष्ठ — सदस्य

ट) पदम रोका — सदस्य-सचिव

३. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता मिति २०८१/०९/०५ गतेदेखि सुरु हुने राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा समावेश खेलहरु तपसिल बमोजिम गर्ने,

क) भलिबल (छात्र/छात्रा)

ख) कबड्डी (छात्र/छात्रा)

ग) दौड (ट्रयाक) (छात्र/छात्रा)

१. १०० मि., २०० मि., ४०० मि., ८०० मि., ४"१०० मि. रिले, र ४"४०० मि.रिले,

घ) उफ्रने र फ्याँक्ने (छात्र/छात्रा)

१. हाइजम्प, लङजम्प, ज्याभलिङ थ्रो र सटपुट

**निर्णय नं. ३, प्रस्ताव नं.३ उपर निर्णय**

प्रस्ताव नं.३ माथि आवश्यक छलफल गर्दा आ.व. २०८१/८२ मा सडकबोर्ड नेपालसँगको साझेदरीमा टार मिलनचोक ढुडेखोला खाल्टे प्रतिक्षालय सडक स्तरोन्नती लिखु ८ र ६ आयोजना सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो । नियमानुसारको साझेदारी रकम गाउँपालिका विकास पूर्वाधारअन्तर्गत व्यहोरिने प्रतिवद्धतासमेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४, प्रस्ताव नं.४ उपर निर्णय**

शिक्षा समितिको मिति २०८१/०८/१६ गतेको निर्णयको अनुमोदनको लागि पेश भएको लिखु गाउँपालिका स्तरीय कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति अनुमोदन गर्ने,

१. रचना मैनाली
२. चन्द्र बहादुर श्रेष्ठ
३. निर्मला सुवेदी
४. भुवन कुमार रोका
५. पोकल बहादुर मगर

**निर्णय नं. ५, प्रस्ताव नं.५ उपर निर्णय**

प्रस्ताव नं.५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका वडा नं ३, नर्मदेश्वर निवासी श्री एन.एण्ड आर.स्काई विल्डर्स प्रा.लि. ले२०८१/०८/०६ मा दिएको निवेदन उपर जाँचबुझ गर्दा 'घ' वर्गको ईजाजतका लागि आवश्यक कागजात पक्रियाहरु पुगी आएको भनी घ वर्गको ईजाजत वितरण तथा मुल्याङ्कन समितिको मिति २०८१/०८/१६ गतेको बैठकको निर्णयनुसार कार्यपालिकामा पेश भएको श्री एन.एण्ड आर.स्काई विल्डर्स प्रा.ली लाई 'घ' वर्गको ईजाजत प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६, प्रस्ताव नं.६ उपर निर्णय**

प्रस्ताव नं ६ माथि आवश्यक छलफल गर्दा कार्यपालिका बैठक आवश्यकता अनुसार बस्ने निर्णय गरियो ।